आज मिति २०७६/०६/०२ गते बिहिवारका दिन यस इच्छाकामना गाउँकार्यपालिकाको नियमित मासिक बैठक इच्छाकामना गाउँपालिकाको अध्यक्ष श्री गिता कुमारी गुरुङ्ग ज्यूको अध्यक्षतामा बैठक वसी तपशलिमा उल्लेखित प्रस्तावहरु उपर छलफल गरि निर्णय पारित गरियो ।

उपस्थिती

१.अध्यक्ष गिता कुमारी गुरुङ्ग (.गा.पा.अध्यक्ष)
२.सदस्य कृर्ति कुमार श्रेष्ठ (गा.पा. उपाध्यक्ष)
३.सदस्य गोर्वधन अधिकारी ( अध्यक्ष वडा नं ३)
४.सदस्य नन्दलाल गिरी (अध्यक्ष वडा नं १)
५.सदस्य पञ्च बहादुर प्रजा (अध्यक्ष वडा नं २)
६.सदस्य भुपेन्द्र प्रजा ( अध्यक्ष वडा नं ६)
७.सदस्य बलराम त्रिपाठी ( कार्यवाहक अध्यक्ष वडा नं ५)
८.सदस्य वम वहादुर थापा मगर (अध्यक्ष वडा नं ७)
९.सदस्य होम बहादुर राना मगर (अध्यक्ष वडा नं ४)
१०.सदस्य सावित्रि गुरुङ्ग (प्रवक्ता)
११.सदस्य निर्मला श्रेष्ठ
१२.सदस्य दमन कुमारी चेपाङ्ग
१३.सदस्य मन कुमारी सुनार
१४.सदस्य भद्र वहादुर प्रजा
१५.सदस्य मान बहादुर प्रजा
१६.सचिब नरहरि सापकोटा

प्रस्तावहरु

१) संविधान दिवस सम्वन्धिमा ।
२) उपभोक्ता समिति निर्माण र ठेक्का खोल्ने सम्वन्धमा ।
३) तलव निकासा सम्बन्धमा ।
४) विभिन्न कार्यविधी सम्बन्धमा ।
५) नदिजन्य पदार्थको उत्खनन् संकलन, बिक्री वितरण सम्वन्धी बोलपत्र खोल्ने सम्बन्धमा ।
६) वातावरण तथा स्थानिय विकास तथा बिक्री शुल्क संकलनको लागि बोलपत्र आह्वान गर्ने सम्बन्धमा ।
७) इच्छाकामना गाउँपालिका वडा नं. ३ मा अस्थायी प्रहरी चौकी स्थापना गर्दाको खर्च सम्बन्धमा ।
८) सार्वजनिक जग्गा तथा राजमार्ग सडक सिमा निर्धारण, संरक्षण एवम् अनुगमन समिति सम्बन्धमा ।
९) निजी शिक्षकहरुको तलव भत्ता भुक्तान सम्बन्धमा ।
१०) द्वन्द्व प्रभावित परिवारलाई आएको रकम वितरण सम्बन्धमा ।

निर्णयहरु :

**प्रस्ताव नं १** माथी छलफल गर्दा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट गाउँपालिका कार्यालय लाई निर्देशित परिपत्र अनुसार २०७६ साल असोज ३ गते संविधान दिवसको अवसरमा गाउँपालिका भित्र रहेका सम्पूर्ण सरकारी कार्यालयहरु , वडा कार्यालय र गाउँपालिको कार्यालयमा साँझ दिप प्रज्वलन गर्ने साथै असोज ४ गते गाउँपालिका अर्न्तगत रहेका कार्यालयहरुमा र सार्वजनिक स्थलहरुमा वृक्षारोपण गरी संविधान दिवस मनाउने भनी निर्णय गरियो ।

**प्रस्ताव नं २** माथी छलफल गर्दा आर्थिक वर्ष २०७६/०७७ को विनियोजित रकमहरु र केन्द्र प्रदेश बाट इच्छाकामना गाउँपालिका लाइ् विनियोजित रकमको योजनाहरुको उपभोक्ता समिती गठन गरि कार्यक्रम संचालन गर्ने र प्रत्येक उपभोक्ता समिति लाई श्रमदान तथा नगद सहभागिता अनिवार्य १५% को दरले लगाउन पर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३** माथी छलफल गर्दा यस इच्छाकामना गाउँपालिका अर्न्तगत रहेका कार्यालयहरुमा काम गर्ने स्थाइ वा करार सेवामा रहेका सम्पूर्ण कर्मचारीहरुको तलब असोज १५ गते भित्र निकासा गर्ने र अस्थाइ वा करारका कर्मचारीहरु लाई ६ महिनाको करार अनुमोदन गरी आर्थिक वर्ष २०७५/०७६ मा तलब निकासा भए बमोजिमको तलब निकासा गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ४** माथी छलफल गर्दा इच्छाकामना गाउँपालिका भित्र विभिन्न कार्यहरु गर्नका लागी निम्न अनुसारका कार्यविधीहरु पारित गर्ने निर्णय गरियो ।

क) वातावरण तथा स्थानीय उत्पादन विकास तथा बिक्री शुल्क संकलन सम्बन्धी कार्यविधी २०७६

ख) महिला आमा समूह गठन प्रकिया कार्यविधि २०७६

ग)संस्था दर्ता कार्यविधि २०७६

घ) व्यवसाय दर्ता तथा नविकरण कार्यविधि २०७६

प्रस्ताव नं ५ माथि छलफल गर्दा इच्छाकामना गाउँपालिका भित्र रहेका तपशिल अनुसारका नदिजन्य पदार्थ, उत्खनन तथा बिकि सम्बन्धि बोलपत्र आव्हान गर्ने निर्णय गरियो साथै गत वर्षको आम्दानीलाई हिसाब गरी कम्तिमा १० प्रतिशत वृद्धि गरी सूचना प्रकाशित गर्ने निर्णय गरियो । नदिजन्य पदार्थ उत्खनन् तथा बिकि तपशिल स्थानमा रहेका नदिका बगरहरु ।

क) इच्छाकामना गाउँपालिका वडा नं.७ मा रहेको खगेरी खोला, पञ्च खोला, स्याङ्ग्री खोला ।

ख) इच्छाकामना गाउँपालिका वडा नं.६ मा रहेको रिग्दी खोला ।

ग) इच्छाकामना गाउँपालिका वडा नं. ६ मा रहेको माले बगर ।

घ) इच्छाकामना गाउँपालिका वडा नं.४ मा रहेको सोता बगर ।

ङ इच्छाकामना गाउँपालिका वडा नं.३ मा रहेको धारखा खोला दोभान ।

साथै I.E.E नभएका खोला नालाको I.E.E गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.६ माथी छलफल गर्दा बातावरण गाउँपालिका क्षेत्रभित्र उत्पादन भई अन्यत्र बिकि वितरण गर्ने बस्तु तथा पदार्थमा वातावरण तथा स्थानिय उत्पादन विकास एवं बिकि शुल्क देहाय अनुसार दर निर्धारण गरी कुल अङ्क रु.१५,६०,०००। अक्षरुपी पन्ध्र लाख साठी हजार न्युनतम अङ्क कर बाहेक कायम गरी शिलबन्दी दरभाउ पत्र मार्फत ठेक्का लगाउने निर्णय गरियो ।

तपशिल

गाउँपालिकाद्वारा निर्धारित दररेट:

१. स्लेट (बिछ्याउने तथा छाउने ढुंगा, धरी, चुन ढुंगा)- प्रति क्यु. फिट रु.२।५०
२. ढुंगा, गिटी, बालुवा, ग्राभेल र रोडा- प्रति क्यु. फिट रु.२।५०
३. स्लाक निकासी- प्रति गोटा रु.०।२०
४. ढुङ्गा निकासी- प्रति हजार रु.५०।-
५. ईट्टा भट्टामा प्रयोग गर्ने माटो- प्रति क्यु. फिट रु.०.१०

६. कटिङ ढुङ्गा

- १२ इन्च भन्दा सानो प्रति पिस रु.०।२५
- १२ इन्च वा सो भन्दा ठूलो प्रति पिस रु.०।५०

७. अन्य बोतल प्रति गोटा रु.१।-

- चुर/फुटेको सिसा (सादा/रंगिन) प्रति के.जि रु.१।-
- बियर बोतल खाली प्रति गोटा रु.१।-
- स्थानिय स्तरमा उत्पादन हुने बियर प्रति बोतल रु.।२५
- मदिरा सिसी प्रति गोटा रु.१।-

- फलाम प्रति के.जी. रु.२।-
- प्लाष्टिकजन्य पदार्थ प्रति के.जी. रु.१।-
- तामा/पित्तल प्रति के.जी. रु.३०।-
- कागजजन्य पदार्थ प्रति के.जी. रु.१।-
- सिसौट/जस्ता प्रति के.जी. रु.१५।-
- हाड, सिङ, खुर प्रति के.जी. रु.५।-
- छाला प्रति पिस रु.५०।-
- अन्य प्रति के.जी. रु.१।-

८. बाँस प्रति थान रु.२।-
९. दाउरा प्रति के.जी. रु.०।१०
१०. अन्य कुकाठ गोलाई प्रति क्यु. फिट रु.१०।-/चिरान प्रति क्यु. फिट रु.१५।-
११. सिसौ गोलाई प्रति क्यु. फिट रु.२०।-/चिरान प्रति क्यु. फिट रु.३०।-
१२. खयर जातको काठ गोलाई प्रति क्यु. फिट रु.२५।-
१३. साल जातको काठ गोलाई प्रति क्यु. फिट रु.३०।-/चिरान प्रति क्यु. फिट रु.५०।-
१४. पानी प्रति लिटर रु.०।२५

**१५. कृषि तथा पशु जन्य पदार्थको दर**

(क) कृषि जन्य वस्तु

- प्रति बोलेरो गाडी रु.१००।०
- प्रति मिनि ट्रक रु. २००।०
- प्रति ठूलो ट्रक रु. ३००।०
- प्रति ट्याक्टर रु. १००।०

(ख) पशु जन्य वस्तु

- गाई, गोरु, राँगा, भैंसी,सुँगुर ,बंगुर लगायत अन्य चौपाया प्रति गोटा रु. १००।०
- खसी, बोका, बाख्रा तथा पाठा,पाठी प्रति गोटा रु.३०।०
- कुखुरा, हाँस, परेवा लगाएतका पंक्षीहरु प्रति गोटा रु.१।०

प्रस्ताव नं.७ माथी छलफल गर्दा इच्छाकामना गाउँपालिका वडा नं.३ फिस्लिङमा अस्थाई प्रहरी चौकी सथापना गर्दा लागेको रकम बिल अनुसार भुक्तान दिने निर्णय गरियो ।

प्रस्ताव नं ८ माथी छलफल गर्दा इच्छाकामना गाउँपालिका भित्र रहेका कुनै पनि सार्वजनकि जग्गा तथा राजमार्गमा रहेका सडक छेउछाउका जग्गाहरुको निरिक्षण, संरक्षण र नियमन गर्न तपसिल बमोजिमको कार्यदल गठन गरि परिपत्र गर्ने निर्णय गरियो ।

<u>तपसिल,</u>

संयोजक : श्री किर्ती कुमार श्रेष्ठ, गा.पा उपाध्यक्ष

सदस्य : श्री भुपेन्द्र प्रजा , गा.पा वडा अध्यक्ष वडान. ६

सदस्य : श्री निर्मला श्रेष्ठ , कार्यपालिका सदस्य वडन. ५

सदस्य : श्री विदुर सिल्वाल, सदस्य वडान. ४

सदस्य : श्री ईलाका प्रहरी प्रमुख, मुग्लिङ

प्रस्ताव नं. ९ माथी छलफल गर्दा इच्छाकामना गाउँपालिका भित्रका सामुदायिक विधालयहरुमा कार्यरत तपशिल बमोजिमका विधालयहरुका निजि स्रोतका शिक्षकहरुलाई इच्छाकामना गाउँपालिकाको आ.व २०७६/०७७ को पारित बजेट बाट तलब भत्ता निकासा गर्ने निर्णय गरियो ।

तपशिल

| क.सं | विद्यालयको नाम | ठेगाना | नीजि शिक्षक |
|---|---|---|---|
| १ | रा.मा.वि.हात्तीबाङ | इं.गा.पा.-१ हात्तीबाङ | १.संगिता सपकोटा |
| २ | रा.आ.वि. भाराङ | इं.गा.पा.-१ भाराङ | २. किरण कुमार गुरुङ |
| ३ | जिवन ज्योति मेट्राङ | इं.गा.पा.-१ मेट्राङ | ३. शेर बहादुर राना मगर |
| ४ | सिराइचुली रा.आ.वि. ज्यानदाला | इं.गा.पा.-१ ज्यानदाला | ४. सुमित्रा चेपाङ |
| ५ | रा.आ.वि.मायाटार | इं.गा.पा.-२ मायाटार | ५. राज ब. प्रजा |
| ६ | नेत्रज्योति रा.आ.वि. बासपुर | इं.गा.पा.-२ बासपुर | ६. पूर्ण ब. गुरुङ |
| ७ | माझगाउ मा.वि. | इं.गा.पा.-३ माझगाउ | ७.प्रकाश गुरुङ |
| ८ | रा.आ.वि. फिस्लीङ | इं.गा.पा.-३ फिस्लीङ | ८.एक ब. प्रजा<br>९.कमल गुरुङ<br>१०.भिम माया गुरुङ<br>११.आरती गुरुङ<br>१२.जानकी प्रजा चेपाङ |
| ९ | सर्वशान्ति मा.वि. | इं.गा.पा.-४ कुरिनटार | १३. नरमदा अधिकारी<br>१४.रामजि श्रेष्ठ<br>१५. सविना थपलिया |
| १० | रा.आ.वि. लामिडाडा | इं.गा.पा.-४ लामिडाडा | १६.दिपक थापा |
| ११ | बकुलहरी रा.आ.वि. | इं.गा.पा.-४ लेवाटार | १७.उमा थापा |
| १२ | त्रिवेणी वराह मा.वि. | इं.गा.पा.-५ मुग्लिङ | १८.बिन्दा कडेल |
| १३ | रा.आ.वि. पामडाडा | इं.गा.पा.-५ पामडाडा | १९.खिम ब. गुरुङ<br>२०.गणेश गुरुङ<br>२१.चन्द्र ब. गुरुङ |
| १४ | मा.वि.दुइपे | इ.गा.पा.-६ | २२. लालकुमारी गुरुङ |
| १५ | रा.आ.वि.चनौटे | इ.गा.पा.-६ | २३. दिपेन्द्र लामिछाने<br>२४. सोजिना गुरुङ<br>२५.खाली |
| १६ | रा.आ.वि कोयलघारी | इ.गा.पा.-६ | २६. मनिलाल प्रजा |

| | | | |
|---|---|---|---|
| | | | २७. निरा गुरुङ |
| १७ | रा.मा.वि. गर्दास | इ.गा.पा.-७ | २८.अमृता मरठ्ठा<br>२९.रोजर मगर<br>३०. युगल चेपाङ |
| १८ | आदर्श रा.आ.वि. दाहाखानी | इ.गा.पा. -७ | ३१.बुद्धीमान गुरुङ<br>३२. सुकमती गुरुङ |
| १९ | रा.आ.वि.खेतवारी | इ.गा.पा.-७ | ३३.राजकुमार गुरुङ<br>३४.रमेश गुरुङ<br>३५. सुविन प्रजा |
| २० | देउराली रा.आ.वि सुन्दरवस्ती | इ.गा.पा.-७ | ३६. विजेन्द्र कुमार गोले<br>३७. भिममाया गुरुङ<br>३८. मेनुका थापा मगर<br>३९.विमल थापा मगर |
| २१ | रानीखोला रा.आ.वि | इ.गा.पा.-७ | ४०. अर्जुन मगर<br>४१. सुभेच्छे राना मगर |
| २२ | चण्डेश्वरी रा.आ.वि. स्याङदी | इ.गा.पा.-७ | ४२.विक्रम मगर<br>४३.कल्पना गुरुङ |
| २३ | रा.आ.वि. सानेभोर्ले | इ.गा.पा.-७ | ४४.सुक ब. गुरुङ |
| | जम्मा | | ४४ |

प्रस्ताव नं. १० माथी छलफल गर्दा इच्छाकामना गाउँपालिका मा द्वन्द पिडितहरु लाइ आएको रकम जिम्मेवारी सारी भुक्तानी दिने निर्णय गरियो ।

तपशिल

| सि.नं | द्वन्द्व पिडितका नाम | आर्थिक साहायता लिने सदस्यको नाम | लिन चाहेको आर्थिक सहायताको किसिम | कैफियत |
|---|---|---|---|---|
| १ | चित्र बहादुर गुरुङ | आफै | स्वास्थ्य | |
| २ | अमृत कडेल | टिका कडेल | शिक्षा | |
| ३ | प्रताप गुरुङ | परिवारको सदस्य | शिक्षा | |
| ४ | श्रीरेन्द्र प्रकाश पोखेल | परिवारको सदस्य | शिक्षा | |
| ५ | नरायण पौडेल | परिवारको सदस्य | शिक्षा | |
| ६ | दिल बहादुर गुरुङ | परिवारको सदस्य | शिक्षा | |
| ७ | दुर्गा नारायण श्रेष्ठ | परिवारको सदस्य | शिक्षा | |
| ८ | लक्ष्मण सिलवाल | परिवारको सदस्य | सिप विकास तालिम | |
| ९ | अमृत गुरुङ | परिवारको सदस्य | शिक्षा | |
| १० | हरि बहादुर थापा | परिवारको सदस्य | शिक्षा | |
| ११ | कृष्ण बहादुर गुरुङ | परिवारको सदस्य | औषधी उपचार | |
| १२ | भद्र बहादुर प्रजा | परिवारको सदस्य | शिक्षा | |
| १३ | भिम बहादुर भण्डारी | सिता भण्डारी | शिक्षा | |
| १४ | कृष्ण बहादुर बुढाथोकी | आफै | सिप विकास तालिम | |